# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २९ गते २०१६ साल

### नेपाल लोक सेवा आयोगको विज्ञापन

शिक्षामन्त्रालय, अर्थमन्त्रालय, स्वास्थ्य तथा स्थानीय स्वायत्तशासनमन्त्रालय अन्तर्गतका विभाग, अड्डाहरूलाई निम्न लेखिए बमोजिम पदहरू चाहिएका छन्। योग्य उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूर सहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइ पुग्ने गरी दरखास्त पठाउनु वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्रहरूको नक्कल र मार्शशीटको नक्कलहरूसमेत सबै सामेल राखी पेश गर्नुपर्छ। योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसँग सम्पर्क राख्नु पर्छ। सम्पर्कको दिन उम्मेदवारहरूले आयोगसंग सम्पर्क नराखेमा अन्तर्वार्ता वा परीक्षाको निमित्त अर्को सूचना गरिने छैन। दरखास्तको आखिरी दिन भर दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुँदा समयमानै दरखास्त पठाउनु हुन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको रीत नपुगेको, फी दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुने छैन। दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी गौंडा गोस्वारामा नि ाइनेछ। क फारा-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मको निमित्त ने.रू. ।१० पैसा तिरी सोझै यस आयोगबाट चाहिए जति झिकाए पनि हुन्छ। रखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

## विज्ञापन नं. १८३

१ पद र स्थानः पद्म कन्या कलेजलाई एक जना अंग्रेजी लेक्चरर, स्थायी तथा पेन्सन पाइने।
२ आवश्यक न्यूनतम योग्यताः अंग्रेजी साहित्यमा एम. ए. पास
३ वाञ्छनीय योग्यताः पहिला वा दोस्रा श्रेणीमा पास भएकालाई ग्राह्यता दिइनेछ।
४ मासिक तलवको स्केल र भत्ताः तलव ने.रू. १८०। देखि ५००। महंगी भत्ता ने. रू. २०।
५ फी दस्तूरः नगद ने.रू. ३। तीन
६ दरखास्त आयोगमा आइ पुग्नु पर्ने मितिः २०१७।२।१२।५
७ सम्पर्क मितिः २०१७।२।१६।१ का दिन ४ बजे ।
८ उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ।

## विज्ञापन नं. १८४

१ पद र स्थानः सर्भे विभागलाई सर्भेको काम छउन्ज्याललाई अस्थायी ५ जनासभ इन्सपेक्टर
२ आवश्यक न्यूनतम योग्यताः स्वीकृत शिक्षण संस्थाबाट जुयिर सर्भे कोर्स पास ।
३ वान्छनीय योग्यता सर्भे सम्बन्धी काम गरी अनुभव प्राप्त भएको।
४ मासिक तलवको स्केल र भत्ताः तलव ने.रू. ७०। देखि १३०। महंगी भत्ता ने.रू. १२।५० फिल्डमा गई काम गरून्ज्याल दैनिक भत्ता मासिक ने. रू. ६०।
५ फी दस्तूरः नगद ने. रू. १। एक
६ दरखास्त आयोगमा आइ पुग्नुपर्ने मितिः २०१७।२।८।१
७ संपर्क मितिः २०१७।२।१४।१ का दिन ४ बजे
८ अभ्यास अवधि : ६ महीना ।
९ उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. १८५

१. पद र स्थानः– डाइरेक्टर स्वास्थ्य सेवा विभागका डाइरेक्टरले खटाएको ठाउँमा गई काम गर्ने १६ जवान डाक्टर, स्थायी तथा पेन्सन पाइने ।
२. आवस्यक न्यूनतम योग्यताः एम. वी. वीं एस, ।
३. मासिक तलवको स्केलर भत्ता १८०। देखि ३६०। महंगी भत्ता ने.रू. २०।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्य:स्थानीय व्यक्ति बाहेक अरूलाई तलव भत्ताको शुरू अंकको सयकडा २५ देखि सयकडा १००। सम्म सरकारको निर्णय बमोजिम ठाउं अनसारको स्थानीय भत्ता पाईनेछ ।

४. फी दस्तुरः नगद ने, रू, ३। तीन
५ दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१७।१।५।१
६, सम्पर्क मितिः २०१७।१।७।३ का दिन ४ बजे ।
७, उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारको उमेर २१ वष पूरा भयो र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. १८६

१, पद र स्थानः डाइरेक्टर स्वास्थ्य विभागको डाइरेक्टरले खटाएको ठाउंमा गई काम गर्ने ८ जना लेडि डाक्टर, स्थायी तथा पेन्सन पाइने ।
२, आवश्यक न्यूनतम योग्यताः एम, बी, बी, एस,।
३, मासिक तलवको स्केल र भत्ताःतलव ने,रू, १८०। देखि ३६०। महंगी भत्ता ने,रू, २०।
द्रष्टव्यः स्थानीय व्यक्ति बाहेक अरूलाई तलव भत्ताको शुरू अंकको सयकडा २५। देखि सयकडा १००। सम्म सरकारको निर्णय बमोजिम ठाउं अनुसारको स्थानीय भत्ता पाइनेछ ।
४, फी दस्तुरः नगद ने. रू. ३।तीन
५, दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१७।१।५।१
६, सम्पर्क मितिः २०१७।१।७।३ का दिन ४ बजे।
७, उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. १८७

१ पद र स्थानः डाइरेक्टर स्वास्थ्य विभागलाई २४ जना मिडवाइफ, स्थायी तथा पेन्सन पाइने ।
२ आवश्यक न्यूनतम योग्यता : मिडवाइफरी पास ।
३ मासिक तलव र स्केल र भत्ताः ७०। देखि १३०। महंगी भत्ता १२।५०
४ सुविधा : धोवी र लुगा भत्ता ने. रू. ४१। घर भाडा ने. रू. ५०।
द्रष्टव्यः स्थानीय व्यक्ति बाहेक अरूलाई तलव भत्ताको शुरू अंकको सयकडा २५ देखि सयकडा १००। सम्म सरकारको निर्णय बमोजिम ठाउं अनुसाको स्थानीय भत्ता पाइनेछ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ फी दस्तुरः नगद ने. रू. १। एक

६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति २०१७।१।५।१

७ सम्पर्क मितिः २०१७। १।७। ३ का दिन ४ बजे

८ उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. १८८

१ पद र स्थानः अर्थ मन्त्रालय अन्तर्गत गौचर भन्सार अड्डालाई एक जना महिला सब इन्सपेक्टर स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यताः एस. एल. सी. पास भई अंग्रेजीमा राम्रो ज्ञान पाई बोल चालसमेत गर्न सक्ने ।

३ वांछनीय योग्यताः भन्सार सम्बन्धी कामको ल्याकत भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

४ मासिक तलबको स्केल र भत्ताः ने.रू. ५०। देखि ६०। सम्म महंगी भत्ता ने.रू. १०।

५ फी दस्तूर. नगद ने. रू. १। एक

६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१७।२।६।५

७ सम्पर्क मिति २०१७।२।१३।५ का दिन ४ बजे

८ उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

आज्ञाले–

सचिव

लोक सेवा आयोग

## नेपाल लोक सेवा आयोगको विज्ञापन नं. १८९

निर्माण संचार तथा नहर मन्त्रालय अन्तर्गत जुम्ला आकाशवाणी अफिसलाई ...ंटर एक चाहिएको छ। योग्य उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूरसहित २०१६।१२।२४।४ ...मा यस आयोगमा आइपुग्ने गरो दरखास्त पठाउनु वा बुझाउनु पर्छ । दरखास्त ...दा आफूले पाएको शुरू देखिको सक्कल प्रमाणपत्रहरूका र मार्कशीटको नक्शाहरूसमेत ...बै सामेल राखी पेश गर्नु पर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको ...दिन साथैमा लिई आउनु पर्छ । योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी २०१६। ...२६।६ का दिन ३ बजे यस आयोगसंग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ताको ...न अर्को सूचना गरिने छैन । दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त

२७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमानै दरखास्त पठाउनु न सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको रीत नपुगेको, फी दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै कारवाई हुने छैन। दरखास्त फारामको नमूना प्रत्येक इलाक गढी, गौंडा गोस्वाराहरूमा पनि पाइनेछ। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा फी दस्तूरसहित अड्डाको हाकिमको पनि सिफारिश हुनुपर्छ। एक फारामको निमित्त ने.रू. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

पदको विवरण यस प्रकार छः—

१. पद: अप्रेटर, स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता – अंग्रेजीमा अष्टम श्रेणीसम्मको ल्याकत भएको प्रमाणपत्र प्राप्त।
३. वांछनीय योग्यताः एस. एल. सी. पास भएका तथा स्थानीय उम्मेदवारलाई ग्राहयता दिइनेछ।
४. मासिक तलबको स्केल र भत्ता—ने.रू. ४५। देखि ८०। महंगी भत्ता ने.रू १०
५. उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ।

सचिव
लोकसेवा आयोग

## नेपाल लोक सेवा आयोगको सूचना नं. २०७

शिक्षा मन्त्रालय अन्तर्गत प्यूठान उदयपुर धावाघाट पाठशालालाई प्रारम्भिक शिक्षक एक चाहिएकोछ। प्यूठान गौंडामा यस आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिना निमित्त कमसेकम १ महीनाको अवधि दिई जिल्लाभर विस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गौंडालाई २०१६।१२।२।३। मा लेखि गइसकेकोले इच्छुक योग्य उम्मेदवारहरूले आफूले पाएका प्रमाणपत्रसहित विज्ञापन बमोजिम तोकिएको म्यादभित्र उक्त गौंडामा पुग्ने गरी यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तूर नगद ने. रू. १। एकसहित दरखास्त गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ। अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित गौंडाबाटै प्रकाशित हुनेछ। साधारणतया उम्मेदवारहरूलाई तोकिएका न्यूनतम योग्यता पुगेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
522

नदेखिएको, फी दस्तूर नभएको, रीत नपुगेको तथा म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । बहाल वाला कर्मचारीहरूले दरखास्त दिंदा फी दस्तुर सहित अडडाका हाकिमको पनि सिफारिश हुनु पर्छ । दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी गौंडा र गोस्वाराहरूमा पनि पाइने छ ।

पदको विवरण यस प्रकार छ

१. पदः प्रारम्भिक शिक्षक, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः पूर्व मध्यमा उत्तीर्ण।

३. वाँछनीय योग्यताः अंग्रेजीमा मिडिल कक्षासम्म योग्यता तथा स्थानीय उम्मेदवारलाई विशेष ग्राह्यता दिइनेछ ।

४. मासिक तलवको स्केल र भत्ताः तलव ने. रू. ३५। देखि ६०। महंगी भत्ता ने. रू. १०।

५. उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

सचिव
लोक सेवा आयोग,

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित ।

५९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।